# धेरै सोधिने प्रश्नहरु

# केरा खेती

**१. कस्तो जलवायु/हावापानी केरा खेतीका लागि उपयुक्त हुन्छ ?**

केरा गर्मी हावापानीमा हुने बाली हो । केराखेती गर्नका लागि न्यानो उपोष्ण, प्रशस्त आद्रता भएको तथा हुरीबतासबाट बचाउन सकिने ठाउं भएको क्षेत्रमा राम्रो हुन्छ । यसको खेती १५° -४०° से. ग्रे. सम्मको तापक्रम हुने ठाउँमा पनि गर्न सकिन्छ । यसका लाीग उपयुक्त तापक्रम २५-३० डिग्री सेन्टीग्रेट् र सापेक्षित आद्रता ७५%-८५% भए तापनि बढी आद्रतादेखि लिएर धेरै कम आद्रता भएको हावपानीमा पनि यसको खेती गरेको पाइन्छ ।

नेपालमा तराई, भित्री मधेस र मध्य पहाडको बेशी क्षेत्रमा व्यवसायिक रुपमा केराखेती गर्न सकिन्छ । अलि बढी उचाइ भउको पहाडी क्षेत्रमा केराखेत ीगर्ने हो भने पारिलो घाम लाग्ने दक्षिण मोहडाको जमिनमा खती गर्नुपर्छ । बढी हावा चल्ने ठाउँमा पनि केराखेती गर्नु उपयुक्त हुँदैन ।

**२. कस्तो माटो केरा खेतीका लागि उत्तम हो ?**

केरा प्रायः सबै किसिमको माटोमा उत्पादन गन सकिन्छ, तापनि व्यवसायिक केराखेतीका लागि भने गहिरो, राम्रो पानी निकास भएको, दोमट, बलौटे दोमट, चिम्टाइलो दोमट माटो राम्रो मानिन्छ ।

**३. केरा खेती गर्न कति लगानी लाग्छ र कति आम्दानी हुन्छ ?**

एक हेक्टरमा केरा खेती गर्न करिब रु. ३,८०,००० लाग्छ र उत्पादन करिब ८,६०,००० को हुन्छ । लागत र उत्पादन स्थान र अन्य कुरामा पनि भर पर्दछ ।

**४. कति उत्पादन हुन्छ ?**

एक हेक्टरमा एक फसलमा करिब २,४०० घरि केरा फल्न सक्छ ।

**५. विरुवामा कति लाग्छ र लगानी कति हुन्छ ?**

करिब २,७०० विरुवा एक हेक्टरमा लगाउन सकिन्छ । उन्नत जातको गुणस्तरीय विरुवा प्रति विरुवा रु. ३०-३५ पर्छ ।

**७. कुन-कुन जातका केरा नेपालमा खेती भइरहेको छ ?**

नेपालको तराईका जिल्लामा उन्नत जातका केरा जस्तै विलियम र जी-नाईन (G-9) जातका र मालभोग जातका केरा व्यवसायिक रुपमा खेती भइरहेका छन् । पहाडी जिल्लामा भने स्थानीय जातका घरयासी प्रयोजनका लागि खेती गरिएको पाइन्छ ।

**८. जोखिमको व्यवस्थापन कसरी गर्न सकिन्छ ?**

जोखिमहरु न्यूनिकरण गर्न निम्न उपायहरु अपनाउन सकिन्छ,

- बाली विमा

- व्यापार सीप
- खेती गर्ने सीप, समयमा मलखाद र सिचांइको व्यवस्था

**९. खेती सम्बन्धित आवश्यक जानकारी र सुझाव कोबाट लिन सकिन्छ ?**

कृषि सेवा कन्द्र र केरा सम्बन्धि स्थानीय स्रोत व्यक्ति बाट आवश्यक सरसल्लाह र सुझाव लिन सकिन्छ ।

**१०. खेतीका लागि आवश्यक लगानी गर्न ऋण कहाँबाट पाउन सकिन्छ ?**

स्थनीय वित्तिय संस्था/बैंकबाट केरा खेतीका लागि ऋण लिन सकिन्छ ।

**११. फल निकालेपछि केराका वोटको पनि उपयोग छ** ?

केराको थामबाट कागज, धागो र कपडा बनाउन सकिन्छ ।

**१२. उन्नतजातका गणस्तरीय केराका विरुवा कहाँ पाइन्छ** ?

स्थानीय केरा नर्सरीबाट उन्नतजातका गुणस्तरीय केराका विरुवा किन्न पाईन्छ । धेरै केरा नर्सरीबाट आवश्यक जानकारी पनि उपलब्ध हुन्छ । निम्न व्यक्ति तथा फार्मबाट विरुवा पाउन सकिन्छ ।

| **क्र. स** | **नर्सरीको नाम** | **सम्पर्क व्यक्ति** | **स्थान** | **सर्म्पक नं** |
|---|---|---|---|---|
| १. | प्रकास केरा फार्म | पूर्ण सिह साउद | तल्केनी, भिमदत्त-१०, कञ्चनपुर | ९८५८७५२६३० |
| २. | राजेश केरा फार्म | सुरेन्द्र चौधरी | कृष्णपुर-५, कञ्चनपुर | ९८४८४८३५२५ |
| ३. | राना थारु केरा फार्म | करम सिह राना | बेलौरी-११, कञ्जनपुर | ९८०६४२६३६१ |
| ४. | सुवेदी केरा फाम | राम प्रसाद सुवेदी | त्रिभुवनवस्ती-७, कञ्चनपुर | ९८५८४२३०१३ |
| ५. | श्रृजनशील घरेलु उद्योग | राम प्रसाद चौधरी | फुलबारी-९, कैलाली | ९८११६४१९३१ |
| ६. | आधुनिक कृषि तथा जडिबुटि व्यवसाय फार्म | टोप लाल चौधरी | गुलरिया-८, बर्दिया | ९८४८०१३६२४ |
| ७. | जय किसन फलफूल नर्सरी फार्म | अजय यादव | गोनाहा-७, रुपन्देही | ९८०७४२१६५६ |
| ८. | कुशल व्यवसाय परार्मश केन्द्र | सरोज कोइराला | निजगढ, बारा | ९८४५१३६३७७ |
| ९. | नेपाल बायो-टेक प्रा.लि | नबिन साहुखल | भैसेपाटी,ललितपूर | ९८४१३०२८५० |
| १०. | नेपाल बायोटेक्नोलोजी र एग्रोफरेस्ट प्रा. लि. | बैद्धनाथ साह | चितवन | ९८४५४८६१९३ |